कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको कामकारोवार गर्ने

# MITHILA LAGHUBITTA BITTIYA SANSTHA LTD.

# मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड

**(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त संस्था)**

(१५ जिल्ला कार्य क्षेत्र भएको)

मिथिला न.पा. वडा नं. ६, ढल्केवर, धनुषा

फोन नं. : ०४१–५६०१७२ / ५६०१७२

www.mlbbank.com.np

E-mail: mithilabank@yahoo.com

को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

**हाल कायम चुक्ता पूँजी रु. ६,५९,७७,९३८/- (अक्षेरुपी छ करोड उन्नसाठि लाख सतहत्तर हजार नौ सय अडतिस रुपैयाँ मात्र) को २:१ (अर्थात विद्यमान दुई कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता शेयर) को अनुपातमा साविक शेयरधनीहरुको लागि प्रति शेयर रु.१००/– अंकित दरका ३,२९,८८९.६९ कित्ता हकप्रद साधारण शेयरहरुको निष्काशन गर्नको लागि प्रकाशित ।**

**दरखास्तसाथ प्रतिशेयर रु.१००/का दरले शत प्रतिशत भुक्तानी माग गरिएको**

**निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

**हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुको उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएको आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Dilligence Certificate) प्रस्तुत गरेका छौं ।**

**धितोपत्रको लगानीमा हुन सक्ने जोखिम वारे लगानीकर्ता स्वयंले विचार गर्नुपर्नेछ । यस वित्तीय संस्थाले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु वारे यस विवरणको दफा (थ) मा उल्लेख गरिएको छ ।**

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण :**

यस कम्पनीले जारी गर्न लागेको हकप्रद शेयर निष्काशनलाई केयर रेटिङ्ग नेपाल लिमिटेडले मिति २०७५/०५/२७ गते औसत भन्दा तल -Below Average Fundamentals) जनाउने **"CARE-NP IPO Grade 4"** ग्रेडिङ्ग प्रदान गरेको छ । क्रेडिट रेटिङ्ग सम्वन्धि विवरण यस विबरणको दफा (व) मा उल्लेख गरिएको छ ।

**नेपाल धितोपत्र बोर्डवाट स्वीकृत भएको मिति : २०७५/०९/१३**
**हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति २०७५/१०/१७**
**हकप्रद शेयर निष्काशन बन्द हुने मिति २०७५/११/२२ (बैकिङ्ग समय पश्चात)**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

काठमाण्डौ क्यापिटल मार्केट लि.
Kathmandu Capital Market Ltd.

काठमाण्डौ प्लाजा (दोस्रो तल्ला) कमलादी, काठमाण्डौं ।
फोन नं. ४१६८६३४ फ्याक्स नं.४१६८६३९
**Email:** kathmanducapitalmarket@kcml.com.np
**URL : www.kcml.com.np** यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको **Website:** www.kcml.com.np, मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेडको **Website: www.mlbbank.com.np** र नेपाल धितोपत्र बोर्डको **website: www.sebon.gov.np** बाट समेत हेर्न सक्नु हुनेछ ।

**क) संगठित संस्थाको नाम** : मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड

(Mithila Laghubitta Bittiya Sanstha Ltd.)

**ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय** : यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय धनुषा जिल्ला मिथिला न.पा. वार्ड नं. ६, ढल्केबरमा रहेकोछ ।

**ग) कारोवार स्थान :** यस वित्तीय संस्थाको कारोवार गर्ने रजिष्टर्ड (केन्द्रीय) कार्यालय लगायत नेपाल राज्यको १५ जिल्ला धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, सिरहा, सप्तरी, उदयपुर, रौतहट, बारा, रामेछाप, सिन्धुपालचोक, काभ्रेपलाञ्चोक, नुवाकोट, दोलखा र ओखलढुङ्गा रहेका छन् । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ । हाल वित्तीय संस्थाले केन्द्रिय कार्यालय लगायत तपशिलका २१ वटा शाखा कार्यालय खोलि वित्तीय कारोवार गर्दै आई रहेकोछ ।

**तपशिलः**

| सि.नं. | शाखाको नाम | ठेगाना |
|---|---|---|
| १ | ढल्केवर | मिथिला न.पा.-६, ढल्केवर, धनुषा |
| २ | जनकपुर | जनकपुर उ.म.न.पा.-२, धनुषा |
| ३ | गोदार | गणेशमान चारनाथ न.पा.-७, धनुषा |
| ४ | नवलपुर | लालबन्दि न.पा.-१, सर्लाही |
| ५ | तपेश्वरी | बेलका न.पा.-१, उदयपुर |
| ६ | मोतीगडा | त्रियुगा न.पा.-७, उदयपुर |
| ७ | भेडिया | सुरुङ्गा न.पा.-२, सप्तरी |
| ८ | पडरिया | लहान न.पा.-१४, सिराहा |
| ९ | चोहर्वा | गोलबजार न.पा.-७, सिराहा |
| १० | लक्ष्मीपुर | बिष्णुपुर गा.पा.-१, सिराहा |
| ११ | निगौल | गौशाला न.पा.-२, महोत्तरी |
| १२ | प्रकौली | जलेश्वर न.पा.-४, महोत्तरी |
| १३ | महमदपुर | गरुडा न.पा.-४, रौतहट |
| १४ | निजगढ | निजगढ न.पा.-८, बारा |
| १५ | डकाहा | दुधौली न.पा.-४, सिन्धुली |
| १६ | रामेछाप | रामेछाप न.पा.-८, रामेछाप |
| १७ | बबरगञ्ज | चन्द्रनगर गा.पा.-२, सर्लाही |
| १८ | सोल्टी | बागमती न.पा.-१०, सर्लाही |
| १९ | रातमाटा | सुनकोसी गा.पा.-३, सिन्धुली |
| २० | भलुही | प्रसौनी गा.पा.-१, बारा |
| २१ | रामगोपालपुर | रामगोपालपुर न.पा.-५, महोत्तरी |

**घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

१) **कम्पनीको संक्षिप्त परिचय :**

मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५/०८/०८ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६६/०१/०४ गते नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६६/०१/१६ गते देखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस लघुवित्त वित्तीय संस्था लिमिटेडका संस्थापकहरुमा किसान, बैकिङ्ग, शैक्षिक क्षेत्र, व्यापार/व्यवसायको साथै व्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

२) **कम्पनीको उद्देश्य :**

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस माइक्रोफाइनान्स वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

(क) यस वित्तीय संस्थाका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधरणलाई गुणस्तरीय तथा भरपर्दो बैकिङ्ग/वित्तीय सेवा/सुविधा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुर्‍याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारी मूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने, र

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाका माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने,

अन्य मुख्य उद्देश्यहरु यस वित्तीय संस्थाको प्रबन्धपत्रमा उल्लेख भए अनुसार रहने छन् ।

## ङ) शेयर पूँजीको संरचना :

१. **अधिकृत पूँजी :** वित्तीय संस्थाको अधिकृत पूँजी रु.१०,००,००,०००/– (दश करोड मात्र) रहेको छ, जसलाई प्रतिशेयर रु.१००/–का दरले १०,००,००० (दश लाख मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

२. **जारी पूँजी :** वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु.९,८९,६६,९०७/– (नौ करोड उनानब्बे लाख छैसट्टी हजार नौ सय सात रुपैयाँ मात्र) रहेको छ । सो पूँजीलाई प्रतिशेयर रु.१००/–का दरले ९,८९६६९.०७ (नौ लाख उनान्नब्ब हजार छ सय उनान्सत्तरी दशमलव सुन्य सात) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

३. **चुक्ता पूँजी :** वित्तीय संस्थाको चुक्ता पूँजी रु. रु.६,५९,७७,९३८/– (छ करोड उनान्साठी लाख सतहत्तर हजार नौ सय अठतिस रुपैयाँ मात्र) रहेको छ, यस विवरणपत्र मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयरको बाँडफाँड पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी रु. रु.९,८९,६६,९०७/– (नौ करोड उनानब्बे लाख छैसट्टी हजार नौ सय सात रुपैयाँ मात्र) हुनेछ ।

## च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूँजीको संरचना :

**हकप्रद शेयर निष्काशन गर्नु पूर्वको चुक्ता पूँजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ४,६१,८४५.५७ | ७०.००% | ४,६१,८४,५५७ | शत प्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु | १,९७,९३३.८१ | ३०.००% | १,९७,९३,३८१ | शत प्रतिशत |
| | **जम्मा** | **६,५९,७७९.३८** | **१००%** | **६,५९,७७,९३८** | |

**हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने चुक्ता पूँजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ६,९२,७६८.३५ | ७०.००% | ६९,२७६,८३५ | शत प्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु | २,९६,९००.७२ | ३०.००% | २९,६९०,०७२ | शत प्रतिशत |
| | **जम्मा** | **९,८९,६६९.०७** | **१००%** | **९८,९६६,९०७** | |

**छ)** **हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या तथा संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम तथा ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

**(१) संस्थापकहरुको नाम ठेगाना तथा हाल लिएको शेयर कित्ताः**

| **क्र.सं.** | **संस्थापकको नाम** | **ठेगाना** | **शेयर संख्या** | **कैफियत** |
|---|---|---|---|---|
| १. | बिन्देश्वर यादब | ढल्केवर बडा नं ०५ , धनुषा | १३,९९३ | |
| २. | कृष्ण चन्द्र दास | जनकपुर वडा नं ०९ , धनुषा | १३,९९३ | |
| ३. | राम प्रसाद साह | सिनुरजोडा वडा नं ०२ , धनुषा | १३,९९३ | |
| ४. | राम बाबु साह सुडि | बटेश्वर वडा नं ०८ , धनुषा | १३,९९३ | |
| ५. | गौरी शंकर साह तेलि | नक्टाझिज वडा नं ०२, धनुषा | १३,९९३ | |
| ६. | राम कुमार साह | ढल्केबर वडा नं ०२ , धनुषा | १३,९९३ | |
| ७. | राजलाल महतो | पुष्पवलपुर वडा न ०२, धनुषा | १३,९९३ | |
| ८. | मनोज कुमार दास कथवनिया | ढल्केबर वडा नं ५ , धनुषा | १३,९९३ | |
| ९. | बिजय कुमार साहु तेलि | नक्टाझिज वडा नं ०६, धनुषा | १३,९९३ | |
| १०. | गंगा प्रसाद महतो | ढल्केबर वडा नं ०७ , धनुषा | १३,९९३ | |
| ११. | इन्द्र कान्त महतो | ढल्केबर वडा नं ०५ , धनुषा | १३,९९३ | |
| १२. | शंकर दास कथवनीया | ढल्केबर वडा नं ०५ , धनुषा | १३,९९३ | |
| १३. | प्रदीप कुमार साह | सखुवा महेन्द्रनगर वडा नं ०१, धनुषा | १३,९९३ | |
| १४. | बिरेन्द्र सिंह | बटेश्वर वडा नं ०५ , धनुषा | १३,९९३ | |
| १५. | शिव शंकर ठाकुर लोहार | नक्टाझिज वडा नं ०३, धनुषा | १३,९९३ | |
| १६. | दिपक कुमार ठाकुर | लोहना वडा नं ०४ , धनुषा | १३,९९३ | |
| १७. | शिव प्रसाद साह | जनकपुर वडा नं ०९, धनुषा | १३,९९३ | |
| १८. | किशोरी साह | सपही रमदैया बडा नं ०३ , धनुषा | १३,९९३ | |
| १९. | माला पाण्डेय | ईटहर्वाकटी वडा नं ६ , धनुषा | १३,९९३ | |
| २०. | संजय कुमार साह | जनकपुर वडा नं ९ , धनुषा | १३,९९३ | |
| २१. | हरि प्रसाद काफले | छिरेश्वरनाथ वडा नं ०५ , धनुषा | १४,०६३ | |
| २२. | रामचन्द्र सिंह कुशवाहा | भरतपुर वडा नं ०९ महोत्तरी | १३,९९३ | |
| २३. | राम प्रसाद दास कथवनिया | ढल्केबर वडा नं ०६ , धनुषा | १३,९९३ | |
| २४. | श्याम प्रसाद साह | जनकपुर वडा नं ०३ धनुषा | १३,९९३ | |
| २५. | अर्जुन साह | सखुवा महेन्द्रनगर वडा नं ०१, धनुषा | १३,९९३ | |
| २६. | बासुदेव सिंह थारु | मेघनाथ गोरहन्ना वडा नं ०४, महोत्तरी | १३,९९३ | |
| २७. | दीप नारायण साह | तेरहौता वडा नं ०४ , सप्तरी | १३,९९३ | |
| २८. | स्व. चन्देश्वर पूर्वे | जमुनीवास वडा नं ०४ , धनुषा | १३,९९३ | |
| २९. | मदन प्रसाद उपाध्याय | नक्टाझिज वडा नं ०१, धनुषा | १३,९९३ | |
| ३०. | फगुनी महतो | ढल्केबर वडा नं ०६ , धनुषा | १३,९९३ | |
| ३१. | राम बाबु प्रसाद साह | जनकपुर वडा नं ०३ , धनुषा | १३,९९३ | |
| ३२. | परमेश्वर महतो | नक्टाझिज वडा नं ०९, धनुषा | १३,९९३ | |
| ३३. | दिनेश कुमार राय | श्रीपुर वडा नं ०६ , सर्लाही | १३,९९३ | |
| | | **जम्मा** | **४,६१,८३९.००** | |
| | | **खण्डिकृत** | **६.५७** | |
| | | **सर्वसाधारण** | **१,९७,९३३.८१** | |
| | | **जम्मा** | **६,५९,७७९.३८** | |

(२) संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम तथा ठेगानाः नभएको ।

ञ) **निष्काशन गरिने हकप्रद शेयर संख्या तथा त्यसको अनुपात :**
**संस्थाको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या ६,५९,७७९.३८ (छ लाख उनान्साठ्ठि हजार सात सय उन्नानअसि र अडतिस ) कित्ताको २ शेयर बराबर १ शेयर (२:१) को अनुपातमा अर्थात विद्यमान दुई कित्ता साधारण शेयर बराबर एक कित्ता साधारण शेयरको दरले प्रति शेयर रु.१००/– अंकित दरले जम्मा ३,२९,८८९.६९ (तिन लाख उन्ननतिस हजार आठ सय उन्नानब्बे दशमलब उन्नानसत्तरि) कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।**

झ) **हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**
**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा संस्थाको नवौ वार्षिक साधारण सभाले गरेको निर्णय :** बिषेश प्रस्ताव नं २ बमोजिम हाल कायम चुक्ता पूँजीमा हुने साधारण शेयर संख्या (बोनश शेयर पूँजीकृत भईसके पश्चात) को ५० प्रतिशत अर्थात रु. तिन करोड उन्नतिस लाख अठासि हजार नौ सय उन्नसत्तरि बराबरको हकप्रद शेयर जारी गर्ने भनी निर्णयार्थ पेश भएको बिशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभा सम्पन्न भएको मिति :** २०७४ पौष २९ गते, शनिबार, नवौ साधारण सभा ।

ञ) **सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**

*१) **वित्तीय संस्थाको सञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुको प्रतिनिधित्व रहेको छ ।***

| नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व कित्ता | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|
| शिव प्रसाद साह | अध्यक्ष (संस्थापक समूह) | ५६ | नेपाली | जनकपुर -९, धनुषा | १३,९९३ | बि.ई. | कन्सल्टेन्सी (मिथिला कन्सल्टेन्सी, जनकपुर -९, धनुषा) व्यवसायमा २० वर्षको र मिथिला लघुवित्तमा ७ बर्ष संचालक भई कार्य गरेको अनुभव । |
| संजय कुमार साह | सञ्चालक (संस्थापक समूह) | ४५ | नेपाली | जनकपुर -९, धनुषा | १३,९९३ | बि.ई., एम.बि.ए. | स्वतन्त्र ईन्जिनियर, व्यवशायिक परामर्शदाता कार्यमा १० भन्दा बढीको तथा मिथिला लघुवित्तमा ३ वर्ष संचालक भई कार्य गरेको अनुभव । |
| हरि प्रसाद काफ्ले | सञ्चालक (संस्थापक समूह) | ६५ | नेपाली | छिरेश्वरनाथ वडा नं ०५ , धनुषा | १४,०६३ | बि.ए | कृषि विकास बैंकमा २९ वर्ष शाखा प्रबन्धक समेत र ज्योति विकास बैंकमा ६ बर्ष शाखा प्रबन्धक भई कार्य गरेको तथा मिथिला लघुवित्तमा २ बर्ष संचालक भई कार्य गरेको अनुभव । |
| राम बाबु साह सुडी | सञ्चालक (संस्थापक समूह) | ५४ | नेपाली | बटेश्वर वडा नं ०८, धनुषा | १३,९९३ | बि.ए. | स्वतन्त्र कृषि व्यवसायमा ४० वर्षको अनुभव तथा मिथिला लघुवित्तमा २ वर्ष भन्दा वढि संचालक भई कार्य गरेको अनुभव । |
| मन्दीरा आचार्य | सञ्चालक (सर्वसाधारण समूह) | ३७ | नेपाली | नेत्रगञ्ज वडा नं ०४, सर्लाही | - | आई.ए. | स्वतन्त्र कृषि व्यवसायमा २० वर्षको अनुभव तथा मिथिला लघुवित्तमा ३ वर्ष भन्दा वढि संचालक भई कार्य गरेको अनुभव । |
| कृष्ण कु. दास कथवनिया, | सञ्चालक (सर्वसाधारण समूह) | ४७ | नेपाली | ढल्केबर वडा नं. ०५, धनुषा | ३४४ | एस.एल.सी. | ठेक्का पट्टा, दास सप्लायर्स व्यवसायमा १५ वर्ष तथा मिथिला लघुवित्तमा ३ वर्ष भन्दा वढि संचालक भई कार्य गरेको अनुभव । |

- स्वतन्त्र सञ्चालक पद १ रिक्त रहेको छ ।

२) *वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत सम्बन्धी विवरण :*

| नाम | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| सत्य देव राउत | भेलही - ६, सर्लाही | स्नातकोत्तर (एम.कम.) | कृषि विकास बैंकमा उच्च व्यवस्थापन पदमा १४ बर्ष तथा १२ बर्ष शाखा प्रबन्धक भई कार्य गरेको अनुभव । |

**ट) सञ्चालक समितिको बनौट :**

१. वित्तीय संस्थाको सञ्चालकहरुको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तिय संस्था सम्बन्धी कानुन तथा वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही बार्षिक साधारण सभाबाट हुनेछ ।

तर व्यवसायिक विशेषज्ञ सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ ।

२. यस बैंकमा ७ जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| संस्थापक समूह (समूह “क”) बाट निर्वाचित | ४ (चार) |
| सर्वसाधारण समूह (समूह “ख”) का शेयरधनीहरुबाट निर्वाचित | २ (दुई) |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित संचालक | १ (एक) |
| **जम्मा** | **७ (सात) जना** |

संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम:**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि वित्तीय संस्थाले हकप्रद शेयरको निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्म कायम भएका साविक शेयरधनीहरुले मात्र आफ्नो कायम हक अनुसार दुई शेयर बराबर एक शेयर (२:१) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरी आवेदन दिन सक्नेछन् । साथै साविकका शेयरधनीले आफुले पाउने हकप्रद शेयरको आधारमा खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागी दरखास्त दिन चाहेमा सो अनुसार आवेदन दिन सक्नेछन र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विकी गर्ने सम्बन्धी व्यवस्था :**

हकप्रद शेयर खुल्ला अवधिमा सम्पूर्ण शेयर बिक्री नभई शेयर बाँकी रहन गएमा त्यसरी बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा संशोधित “धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४” को अधिनमा रहि संचालक समितिले अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीले आफुले पाउने हकप्रद शेयरको आधारमा खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागी दरखास्त दिन चाहेमा सो अनुसार आवेदन दिन सक्नेछन र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर

बाँडफाँड गरिनेछ । साथै उपरोक्त अनुपातमा शेयर जारी गर्दा शेयरधनीहरुको हिस्सामा खण्डीकरण हुन गएमा शेयरधनीले चाहेमा खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत जम्मा गरी माथिल्लो पूर्ण अंकमा हकप्रद शेयरका लागि आवेदन दिन सक्नेछन् । यसरी शेयर बाँडफाँट गर्दा समूहगत घटबढ नहुने गरी बाँडफाँट गरिनेछ । यसरी बाँडफाँड गर्दा वित्तीय संस्थाको पूंजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न वित्तीय संस्थाको वार्षिक साधारण सभावाट निर्णय गरिनेछ ।

**ण) संगठित संस्थाको विगतको तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

**वासलात** रु.हजारमा

| सि.नं | पूँजी तथा दायित्व | वास्तविक आ.ब | | | | प्रक्षेपित आ.ब. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| १ | शेयर पूँजी | ३३,९४८ | ४१,८५६ | ६५,९७८ | ७२८७३ | ११३,८१२ | १३६,५७४ | १६३,८८९ |
| २ | जगेडा तथा कोषहरु | ३,७८६ | ५,९९९ | ७,९८६ | १०५१८ | १७,८१५ | २९,१०० | ५५,७५८ |
| ३ | ऋणपत्र तथा बन्ड | - | - | - | - | - | - | - |
| ४ | तिर्न बाँकी कर्जा सापट | १९६,२२१ | १९८,२६३ | २६२,०२९ | ३६९६८८ | ५९१,५०१ | ८२८,१०१ | १,१५९,३४१ |
| ५ | निक्षेप दायित्व | २४,९०३ | ६२,०४४ | ११५,५१२ | १७३५८५ | २८६,७०६ | ४०१,३८९ | ५६१,९४४ |
| ६ | भुक्तानी दिनुपर्ने बिलहरु | - | - | - | - | - | - | - |
| ७ | प्रस्तावित लाभांश | २९८ | ३३९ | ४५३ | ३६३ | ७८१ | १,१९८ | १,४३८ |
| ८ | आयकर दायित्व | २४० | १०१ | ३,६६१ | ४११० | - | - | - |
| ९ | अन्य दायित्व | ५,००६ | ३,९९० | ४,५८८ | ५३७० | ९,१५९ | ११,९०६ | १४,२८७ |
| | **कुल दायित्व** | **२६४,४०२** | **३१२,५९२** | **४६०,२०८** | **६३६५०७** | **१,०१९,७७४** | **१,४०८,२६८** | **१,९५६,६५७** |
| **सि.नं** | **सम्पत्ति** | **वास्तविक आ.ब** | | | | **प्रक्षेपित आ.ब.** | | |
| | | **२०७१/७२** | **२०७२/७३** | **२०७३/७४** | **२०७४/७५ आषाढ मसान्त** | **२०७५/७६** | **२०७६/७७** | **२०७७/७८** |
| १ | नगद मौज्दात | ४२० | ६९७ | १,०१२ | ५१८ | १,४३४ | ४,०१४ | ११,२३९ |
| २ | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १,१०० | १३०० | १९०० | ३००० | ५,७३४ | १२,०४२ | २८,०९७ |
| ३ | बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४,४९१ | ६,४२१ | ३,२६० | १९४६५ | ५६,४३७ | ५१,४९८ | ४१,७८३ |
| ४ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | २०,९२५ | १६,७७३ | १५,७१८ | ७५२६ | ३४,४०५ | ४८,१६७ | ६७,४३३ |
| ५ | लगानी | - | - | - | १००० | १,५०० | १,८७५ | २,३४४ |
| ६ | कर्जा सापटी तथा बिल खरिद | २३३,७४० | २८२,५६५ | ४२८,०९३ | ५९५१११ | ८९९,३३९ | १,२६२,२८४ | १,७६७,१९७ |
| ७ | स्थिर सम्पत्ति | ३,२१४ | ३,७८९ | ४,२९९ | ३६२९ | ९,०७७ | ११,८०० | १५,३४० |
| ८ | गैह्र बैंकिङ्ग सम्पत्ति | - | - | - | - | - | - | - |
| ९ | अन्य सम्पत्ति | ५१२ | १,०४७ | ५,९२४ | ६२५८ | ११,८४९ | १६,५८८ | २३,२२४ |

| | कुल सम्पत्ति | २६४,४०२ | ३१२,५९२ | ४६०,२०८ | ६३६५०७ | १,०१९,७७४ | १,४०८,२६८ | १,९५६,६५७ |
|---|---|---|---|---|---|---|---|---|

** २०७५ आषाढ मसान्तको वित्तीय विवरण लेखापरिक्षण प्रमाणित तथा वित्तीय विवरण चार्टर्ड एकाउण्टेण्ट श्री ए.बंशल एण्ड एसोसिएटस्ले पुनरावलोकन गरी प्रमाणीत गर्नुभएको छ ।*

## नाफा नोक्सान हिसाबको विवरण

रु.हजारमा

| सि.नं. | विवरण | वास्तविक आ.ब | | | | प्रक्षेपित आ.ब. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| १ | व्याज आम्दानी | ३०,४९८ | ४८,८९३ | ६८,९६७ | ९१०५० | १३९,९९६ | २०२,१४९ | २८३,००८ |
| २ | व्याज खर्च | ७,५८७ | १३,५५१ | २६,७६२ | ४७२८६ | ७०,१३३ | १०३,८८२ | १४५,४३४ |
| | **खूद व्याज आम्दानी** | **२२,९१२** | **३५,३४२** | **४२,२०५** | **४३७६४** | **६९,८६३** | **९८,२६७** | **१३७,५७४** |
| ३ | कमिशन तथा डिस्काउण्ट | - | - | - | | - | - | - |
| ४ | अन्य सञ्चालन आम्दानी | ७,०७६ | ७,४३७ | ८,२९९ | १४८१५ | २५,१७९ | ३०,३१६ | ४२,०६४ |
| ५ | सटही घटबढ आम्दानी | - | - | - | - | - | - | - |
| | **कूल सञ्चालन आम्दानी** | **२९,९८८** | **४२,७७९** | **५०,५०४** | **५८५७९** | **९५,०४२** | **१२८,५८३** | **१७९,६३८** |
| ६ | कर्मचारी खर्च | ९,३८६ | १६,८१८ | २१,१९६ | २४७४० | ३७,१११ | ४४,५३३ | ५३,४३९ |
| ७ | अन्य सञ्चालन खर्च | ४,९९४ | ६,९१२ | १०,५०६ | १२०४९ | १८,०७० | २१,०८४ | २५,३०१ |
| ८ | सटही घटबढ नोक्सान | - | - | - | - | - | - | - |
| | **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **१५,६०८** | **१९,०४८** | **१८,८०२** | **२१७८९** | **३९,८६२** | **६२,९६७** | **१००,८९८** |
| ९ | सम्भावित नोक्सानी व्यवस्थाहरु | ३,९२१ | ४,९४२ | ६,१२८ | ७९७१ | ४,५४५ | ७,५८२ | १३,८२४ |
| | **सञ्चालन मुनाफा/नोक्सान** | **११,६८८** | **१४,१०६** | **१२,६७५** | **१३८१८** | **३५,३१७** | **५५,३८५** | **८७,०७४** |
| १० | गैह्र सञ्चालन आम्दानी/नोक्सान | - | - | - | - | - | - | - |
| ११ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ७२६ | ४३ | ७५० | १२४४ | - | - | - |
| | **नियमित कारोवारहरुबाट भएको मुनाफा/नोक्सान** | **१२,४१४** | **१४,१५०** | **१३,४२५** | **१५०६३** | **३५,३१७** | **५५,३८५** | **८७,,०७४** |
| १२ | असामान्य कारोवारबाट भएको मुनाफा/खर्च | - | - | - | - | - | - | - |
| | **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा/नोक्सान** | **१२,४१४** | **१४,१५०** | **१३,४२५** | **१५०६३** | **३५,३१७** | **५५,३८५** | **८७,०७४** |
| १३ | कर्मचारी बोनस व्यवस्था | १,१२९ | १,२८६ | १,२२० | १३६९ | ३,२११ | ५,०३५ | ७,९१६ |
| १४ | **आयकर व्यवस्था** | ३,३९२ | ३,८६१ | ३,५६१ | ३९०४ | ९,६३२ | १५,१०५ | २३,७४७ |
| | *यस वर्षको कर व्यवस्था* | ३,६२१ | ४,२५१ | ३,६६१ | ४११० | ९,६३२ | १५,१०५ | २३,७४७ |
| | *विगत वर्षसम्मको कर व्यवस्था* | - | - | ४ | | - | - | - |
| | *यस वर्षको स्थगन कर (आम्दानी/खर्च)* | (२२९) | (३९०) | *(१०४)* | *(२०७)* | (२००) | *(२००)* | *(२००)* |
| | **खुद नाफा/नोक्सान** | **७,८९३** | **९,००३** | **८,६४३** | **९,७९०** | **२२,४७४** | **३५,२४५** | **५५,४१०** |
| | शेयर संख्या (हजारमा) | ३३९ | ४१९ | ६६० | ६६० | ९९० | ११३८ | १३६६ |
| | प्रति शेयर आम्दानी (रु.) | २७.०९ | २१.५१ | १३.१० | १३.४३ | २२.७० | ३०.९७ | ४०.५६ |

** २०७५ आषाढ मसान्तको वित्तीय विवरण लेखापरिक्षण व्यवस्थापनबाट प्रमाणित तथा वित्तीय विवरण चार्टड एकाउण्टेण्ट संस्था श्री ए.बंशल एण्ड एसोसियट्सले पुनरावलोकन गरी प्रमाणीत गर्नुभएको छ ।*

## वित्तीय संस्थाको वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने खुद सम्पत्ति (नेटवर्थ)

रु. हजारमा

| विवरण | | बास्तविक आ.ब. | | | प्रक्षेपित आ.ब. | | |
|---|---|---|---|---|---|---|---|
| | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| चुक्ता पूँजी | ३३,९४८ | ४१,८५६ | ६५,९७८ | ६५,९७८ | ११३,८१२ | १३६,५७४ | १६३,८८९ |
| जगेडा तथा कोषहरु | ३,७८६ | ५,९९९ | ७,९८६ | १०,५१८ | १७,८१५ | २९,१०० | ५५,७५८ |
| **जम्मा** | **३७,७३४** | **४७,८५५** | **७३,९६४** | **७६,४९६** | **१३१,६२७** | **१६५,६७४** | **२१९,६४७** |
| घटाउ : अपलेखन गर्न बाँकि खर्च | २३४ | ६२४ | ७२८ | ९३५ | १,०९७ | १,२९७ | १,४९७ |
| **कूल नेटवर्थ** | **३७,५००** | **४७,२३०** | **७३,२३५** | **७५५६१** | **१३०,५३०** | **१६४,३७७** | **२१८,१५०** |
| शेयर संख्या (हजारमा) | ३३९ | ४१९ | ६६० | ६६० | ९९० | ११३८ | १३६६ |
| प्रति शेयर नेटवर्थ (रु.) | ११०.०० | ११३.०० | १११.०० | ११४.४९ | १३२.०० | १४४.०० | १६०.०० |
| प्रति शेयर चुक्ता पूँजी (रु.) | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| नेटवर्थमा औषत प्रतिफल (प्रतिशत) | २१.०५ | १९.०६ | ११.८० | १२.९६ | १७.२२ | २१.४४ | २५.४० |

***निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल : १२.२४%***

## वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|
| १. कूल निक्षेपमा औषत वृद्धिदर (प्रतिशतमा) | १४८.२०% | ४०.००% | ४०.००% |
| २. कूल कर्जा तथा लगानीमा औषत वृद्धिदर (प्रतिशतमा) | ११०.०८% | ४०.३६% | ४०.००% |
| ३. कूल कर्जा तथा निक्षेप अनुपात (प्रतिशतमा) | २१४.९८% | २२२.६०% | २२६.१०% |
| ४. कूल आयमा औषत वृद्धिदर (प्रतिशतमा) | ११३.७७%) | ४०.७४% | ३९.८४% |
| ५. कूल खर्चमा औषत वृद्धिदर (प्रतिशतमा) | १०१.०५% | ३६.३६% | ३४.४०% |
| ६. सञ्चालन खर्च तथा कूल आम्दानी अनुपात (प्रतिशतमा) | ३३.४१% | २८.२३% | २४.२२% |
| ७. निक्षेपको औषत व्याजदर (प्रतिशतमा) | ७.५०% | ७.५०% | ७.५०% |
| ८. कर्जा तथा सापटको औषत व्याजदर (प्रतिशतमा) | १८.००% | १८.००% | १८.००% |
| ९. आयकर व्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| १०. वैधानिक तरलता (SLR) | २२.१८% | १६.८३% | १४.४४% |
| ११. तरलता (CRR) | २.००% | ३.००% | ५.००% |
| १२. पूँजी कोष अनुपात (CAR) | १३.२८% | १५.३३% | २१.९०% |

नोट : यस वित्तीय संस्थाले हकप्रद शेयर जारी गरे पश्चात १५ जिल्लामा कार्यक्षेत्र विस्तार लगायत व्यवसाय विस्तार गर्ने भएको हुनाले प्रक्षेपित वित्तीय विवरणको केही शिर्षकहरुमा बृद्धि भएको छ ।

*आगामी वर्षहरुको प्रक्षेपित वित्तीय विवरणहरु व्यवस्थापनद्धारा तयार गरी चार्टड एकाउन्टेन्ट संस्था श्री ए.बंशल एण्ड एसोसियट्सले पुनरावलोकन गरी प्रमाणीत गर्नुभएको छ /हो । यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको वित्तीय संस्थाको उद्घोषण रहेको छ । साथै, प्रक्षेपित वित्तीय विवरणमा उल्लेख्य फरक भएमा सोको कारण सम्पूर्ण शेयरधनीहरुलाई जानकारी गराइने छ ।*

त) संगठित संस्थाको यस बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :

## वासलात
### २०७५आषाढ मसान्त

**पूँजी तथा दायित्व**

| विवरण | रु. |
|---|---|
| शेयर पूँजी | ७२,८७२,६३३.०० |
| जगेडा तथा कोषहरु | १०,५१८,३२४.४९ |
| ऋणपत्र तथा बन्ड | - |
| तिर्न बाँकी कर्जा सापट | ३६९,६८७,९३७.६५ |
| निक्षेप दायित्व | १७३,५८४,८१६.५० |
| भुक्तानी दिनु पर्ने बिलहरु | - |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभाँश | ३६२,८७८.१८ |
| आयकर दायित्व | ४,११०,१३८.३७ |
| अन्य दायित्व | ५,३६९,८५६.११ |
| **कुल पूँजी तथा दायित्व** | **६३६,५०६,५८४.२९** |

**सम्पत्ति**

| विवरण | रु. |
|---|---|
| नगद मौज्दात | ५१८,०६९.२८ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३,०००,०००.०० |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | १९,४६५,०१२.७१ |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ७,५२६,१०७.४५ |
| लगानी | १,०००,०००.०० |
| कर्जा सापट तथा विल्स खरिद | ५९५,१११,२६२.६२ |
| स्थिर सम्पत्ति | ३,६२८,५४६.७६ |
| गैर बैकिङ्ग सम्पत्ति | - |
| अन्य सम्पत्ति | ६,२५७,५८५.४७ |
| **कुल सम्पत्ति** | **६३६,५०६,५८४.२९** |

## नाफा नोक्सान हिसाब
### २०७४ श्रावण १ गते देखि २०७५ आषाढ मसान्तसम्म

| विवरण | रु. |
|---|---|
| १. व्याज आम्दानी | ९१,०४९,५३६.३६ |
| २. व्याज खर्च | ४७,२८५,९१९.०५ |
| **खुद व्याज आम्दानी** | **४३,७६३,६२०.३५** |
| ३. कमिशन तथा डिस्काउन्ट | |
| ४. अन्य सन्चालन आम्दानी | १४,८१४,९८१.३९ |

| | |
|---|---|
| ५. सटही घटबढ आम्दानी | - |
| **कुल सञ्चालन आम्दानी** | **५८,५७८,६०१.७४** |
| ६. कर्मचारी खर्च | २४,७४०,४४३.१७ |
| ७. अन्य सञ्चालन खर्च | १२,०४८,९२३.१६ |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा** | **२१,७८९,२३५.४१** |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरु | ७,९७०,७५१.४१ |
| **सञ्चालन मुनाफा** | **१३,८१८,४८४.००** |
| १०. गैह्र सञ्चालन आम्दानी/खर्च | - |
| ११. सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता | १,२४४,३८८.९४ |
| **नियमित कारेवारबाट भएको मुनाफा** | **१५,०६२,८७२.९४** |
| १२. असमान्य कारोवारबाट भएको आम्दानी/खर्च | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **१५,०६२,८७२.९४** |
| १३. कर्मचारी बोनस व्यवस्था | १,३६९,३५२.०९ |
| १४. आयकर व्यवस्था | ३,९०३,५७१.३७ |
| - यस वर्ष सम्मको कर व्यवस्था | ४,११०,१३८.३७ |
| - गत वर्षको कर व्यवस्था | |
| - यस वर्षको स्थगन कर आम्दानी/खर्च | *(२०६,५६७.००)* |
| **खुद नाफा/नोक्सान** | **९,७८९,९४९.४९** |

## नाफा नोक्सान बाँडफाँड हिसाब

**२०७४ श्रावण १ गते देखि २०७५ आषाढ मसान्तसम्मको**

| **विबरण** | |
|---|---|
| **आम्दानी** | |
| १. गत वर्षको संचित मुनाफा | ६००,९३९,७३ |
| २. यस बर्षको मुनाफा | ७८९९४९.४९ |
| ३. पूजी समायोजन कोष बाट फिर्ता | - |
| ४.स्थगन कर जगेडा | - |
| ५.पूजीगत जगेडाबाट फिर्ता | - |
| ६. शेयर प्रिमियमबाट फिर्ता | |
| **ज्म्मा** | **१०३९०८८९.२२** |
| **खर्च** | - |
| १. गत वर्षसम्मको संचित नोक्सानी | - |
| २. यस वर्षको नोक्सानी | - |
| ३. साधारण जगेडाकोष | १९५७९८९.९० |
| ४. भैपरी आउने जगेडा | - |
| ५. संस्था विकास कोष | - |
| ६. लाभांस समीकरण कोष | - |
| ७. कर्मचारी सम्वन्धी जगेडाहरु | - |
| ८. प्रस्तावित नगद लाभांश | ३६२,८७८.१८ |
| ९. प्रस्तावित वोनस शेयर जारी | ६,८९४,६९५.०० |
| १०. विशेष जगेडा कोष | - |
| ११. सटही घटबढ कोष | - |
| १२. पूजी फिर्ता जगेडा कोष | - |
| १३. पुजी समायोजन कोष | - |
| १४. सदस्य सुरक्षण कोष | ९७,८९९.४९ |
| १५ स्थगन कर कोष | २०६,५६७.०० |

| | |
|---|---|
| १६. लगानी समायोजन कोष | ९७,८९९.४९ |
| **जम्मा** | **९६१७९२९.०७** |
| **सञ्चित मुनाफा/(नोक्सान)** | **७७२,९६०.१५** |

**थ) संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु :**

क) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
घ) देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।
ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुनसक्ने जोखिमहरु ।
च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु ।
छ) पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्न सक्ने जोखिमहरु ।
ज) अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
ञ) देशको वैदेशिक नीतिमा हुन सक्ने परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
ट) बिदेशी बिनिमय कारोबार गर्दा बिनिमय दरमा हुने थपघटबाट उत्पन्न हुन सक्ने जोखिमहरु ।

वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ । वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी बहन गर्न सक्षम र प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिम**

रु.१००/– प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र हकप्रद शेयरको बाँडफाँड गरी बाँडफाँट भएका सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण भए पश्चात सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी बाँडफाँट भएको हकप्रद शेयर भौतिक प्रमाणपत्ररहित गरी विद्युतीय रूपमा शेयरधनीको डिम्याट खातामा जम्मा गरी खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समय भित्र निम्न लिखित स्थानहरुमा वित्तीय संस्थाको उपरोक्त विवरणहरु निरीक्षण गर्न सकिनेछः

१. ***श्री काठमाण्डौ क्यापिटल मार्केट लिमिटेड ,कमलादि, काठमाण्डौ प्लाजा ,काठमाण्डौ ।***
२. ***श्री मिथिला लघुवित्त वित्तिय संस्था लिमिटेड, मिथिला नगरपालिका–६, ढल्केबर तथा सम्पूर्ण शाखा ।***

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण**

निष्काशन हुने धितोपत्र प्रत्याभूति नभएको

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँड गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन निर्देशिकामा भएको व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचीकरण गराई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी बाँडफाँट भएको हकप्रद शेयर भौतिक प्रमाणपत्ररहित गरी विद्युतीय रूपमा शेयरधनीको डिम्याट खातामा जम्मा गरी खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

वित्तीय संस्थाको दैनिक कारोवारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला नभएको ।

**ब) हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नपर्ने मुख्य कुराहरु :**

क) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र शेयर खरिद गर्न आवेदन दिन पाउनेछन् ।

ख) आवेदकको पुरा नाम (अंग्रेजी तथा नेपाली) पूर्ण रुपले भर्नुपर्नेछ ।

ग) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली वित्तीय संस्थाले तोकिएको ढाँचाको आवेदन फारम भरी दरखास्त दिनु पर्नेछ ।

घ) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/– का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन वित्तीय संस्थाको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ । साथै शेयर आवेदन दिंदा शेयरधनीहरुले आवेदन दिन पाउने शेयर संख्या खण्डीकरण हुन गएमा शेयरधनीले खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत जम्मा गरी माथिल्लो पूर्ण अंकमा हकप्रद शेयरका लागि आवेदन दिन सक्नेछन् ।

ङ) संयूक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

च) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समुहको शेयरधनी हो सो शेयरधनीलाई सोही समुहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

छ) तोकिएको समय भित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर वापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

ज) बाँडफाँट भएको शेयर सम्बन्धित शेयरधनीहरुलाई धितोपत्रको प्रमाणपत्र वितरण नगरी अभौतिक रुपमा डिम्याट खातामा जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

झ) प्रत्येक शेयरधनीले भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा आवेदकको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै आवेदन फारम मार्फत दरखास्त दिन सक्नेछन् ।

ञ) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने व्यवस्था नभएको ।

**म) संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम ठेगाना उल्लेख गनुपर्ने :**

१. वित्तीय संस्थाको आ.व. २०७३/७४ को लेखापरीक्षण कार्य ***बासकोटा एण्ड कम्पनि*** *चार्टर्ड एकाउन्टेन्टस्ले* श्री सैलेन्द्र उप्रेति ले गर्नुभएको छ । साथै आ.व. २०७४/७५ को लेखापरीक्षण कार्य गर्नका लागि ***भट्ट एण्ड कम्पनि*** *चार्टर्ड एकाउन्टेन्टस्* लाई नियुक्त गरिएको छ ।

२. वित्तीय संस्थाको कम्पनी सचिवमा ***श्री महेश कुमार चौधरी*** हुनुहुन्छ ।

३. वित्तीय संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा वित्तीय संस्था आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा **श्री ए.बंशल. एण्ड एसोसिएटस्,** चार्टर्ड एकाउन्टेन्टस्ले प्रमाणित गर्नु भएको छ ।

४. यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यवसायिक संस्था **काठमाण्डौ क्यापिटल मार्केट लिमिटेड, कमलादि, काठमाण्डौ प्लाजा, काठमाण्डौ**ले तयार गरेको हो ।

५. यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी **काठमाण्डौ क्यापिटल मार्केट लिमिटेड, कमलादि, काठमाण्डौ प्लाजा, काठमाण्डौ** रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्यः**

**१. हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :**

क) यस वित्तीय संस्थाको नवौं वार्षिक साधारणबाट पारित गरे बमोजिम संचालक समितिले सिफारिस गरे अनुसार बोनश शेयर जारी पश्चात २:१ का दरले हकप्रद शेयर जारी गरी वित्तीय संस्थाको चुक्ता पुँजी बृद्धि गर्न ।

ख) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।

ग) संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गनुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी जुटाउन ।

**२. निष्काशनबाट प्राप्त हुने कुल रकम सम्वन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको योजना :**

क) यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा व्यवस्था भए बमोजिम जारी बृद्धि भई सोही बमोजिमको चुक्ता पूँजी बृद्धि गर्नु पर्ने भएको तथा वित्तीय संस्थाको अन्य व्यावसायिक कार्य गर्न पूँजीको आवश्यक हुने भएको हुनाले चुक्ता पूँजी वृद्धि गर्न हकप्रद शेयर जारी गरिएको छ । जसलाई निम्न अनुसार उपयोग गर्ने बैंकको योजना रहेको छ ।

| **क.सं.** | **शिर्षक** | **रकम रु.** |
|---|---|---|
| १ | कर्जा तथा सापट | ३,००,००,००० |
| २ | शाखा विस्तार | २९,८८,९६९ |
| | **जम्मा** | **३,२९,८८,९६९** |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

यस विवरणद्धारा निष्काशन गरिएको हकप्रद साधारण शेयरको लागि आवेदन दिने म्याद हकप्रद शेयरको बिक्री खुल्ला भएको मितिले ३५ (पैंतीस) दिन हुनेछ । हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला अवधि धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अधिनमा रही नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई वित्तीय संस्थाको संचालक समितिको निर्णय बमोजिम अधिकतम १५ दिन सम्म थप गर्न सक्नेछ ।

**ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

क) हकप्रद शेयर निष्काशनको लागि प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" लगानी कर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णयमा पुग्न सहज गर्ने उद्धेश्यले संस्थाको वेभसाइट तथा निष्काशन तथा बिक्रि प्रबन्धकको वेभसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखिनेछ । साथै सोको एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्न समेत उपलब्ध गराइनेछ ।

ख) संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय ढल्केबर–६, धनुषा लगायत अन्य शाखाहरु तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक काठमाण्डौ क्यापिटल मार्केट लिमिटेड, कमलादि, काठमाण्डौ प्लाजा, काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राखि **"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"** हेर्न वा प्राप्त गर्न, निवेदन दिन तथा रकम बुझाउन सकिनेछ । उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट निवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा काठमाण्डौ क्यापिटल मार्केट

लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/C Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फारम नेपाल सरकार हुलाक सेवा मार्फत रजिष्ट्री गरी वा कुरीयर मार्फत काठमाण्डौ क्यापिटल मार्केट लिमिटेड, कमलादि, काठमाण्डौ प्लाजा, काठमाण्डौमा पठाएका निवेदनहरुलाई मात्र बाँडफाँटमा समावेश गरिने छ । शेयर विक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँटमा समावेश गरिने छैन ।

ग) हकप्रद शेयर निष्काशनको क्रममा शेयरधनीको संख्या र ठेगानालाई आधार मानी शेयरधनीहरुको पहुँच हुने गरी माथि दफा (ग) मा उल्लेखित कम्पनीका सम्पूर्ण शाखाहरु तथा शेयर निष्काशन तथा बिक्री प्रबन्धक श्री काठमाण्डौ क्यापिटल मार्केट लिमिटेड, कमलादि, काठमाण्डौ प्लाजा, काठमाडौंमा हकप्रद शेयरको आवेदन बुझाउन सक्नेछन् । साथै दरखास्त फारामको हकमा आवेदकहरुले काठमाण्डौ क्यापिटल मार्केट लिमिटेडको वेवसाईट www.kcml.com.np र कम्पनीको वेवसाईट www.mlbbank.com.np बाट Download गरि भरेर तोकिएको संकलन केन्द्रमा बुझाउन सकिनेछ ।

घ) निष्काशन बैंक (Banker to the Issue) को नाम तथा ठेगाना :
यस हकप्रद निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना | ठेगाना |
|---|---|---|
| १. | श्री बैंक अफ काठमाण्डौ, | कमलादी, काठमाण्डौं |

ङ) शेयरधनीहरुले आफ्नो हकसम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेवसाईटमा हेर्न सक्ने व्यवस्था गरिएको छ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धी उद्घोषण :**

क) संस्थाले आफूले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रही आफ्नो कारोवार गर्दै आइरहेको छ । साथै, यस संस्थाका सञ्चालक एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यवस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै अयोग्य नरहेको उद्घोषण बैंकको रहेको छ ।

ख) क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण :
यस कम्पनीले जारी गर्न लागेको हकप्रद शेयर निष्काशनलाई केयर रेटिङ्ग नेपाल लिमिटेडले मिति २०७५/०५/२७ गते औसत भन्दा तल (Below Average Fundamentals) जनाउने "CARE-NP IPO Grade 4" ग्रेडिङ्ग प्रदान गरेको छ ।

ग) यस वित्तीय संस्थाको विवरण कम्पनी रजिष्ट्रार कार्यालयमा आर्थिक बर्ष २०७३/०७४ सम्म अध्यावधिक गरिसकेको छ ।

**श) पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**

**पछिल्लो ३ बर्षमा भएको शेयर कारोबारको विवरण :**

| आ.ब. | अधिकतम शेयर मुल्य (रु) | न्यूनतम शेयर मुल्य (रु) | अन्तिम बजार मुल्य (रु) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| २०७२/०७३ | ३०३७ | ९३२ | २८५० | ३८९७१ |
| २०७३/०७४ | २७९३ | ६४८ | १२९१ | ४८३१७ |
| २०७४/०७५ | १४८० | ८३० | १०१५ | ५९४६० |

**पछिल्लो ३ महिनामा भएको शेयर कारोबारको विवरण :**

| महिना | अधिकतम शेयर मुल्य (रु) | न्यूनतम शेयर मुल्य (रु) | अन्तिम बजार मुल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७५ कात्तिक | ८७५ | ८५५ | ८५५ | ५१७ |
| २०७५ मंसिर | ८५८ | ७७१ | ८५८ | २५९ |

| | | | | |
|---|---|---|---|---|
| २०७५ पौष | ९५५ | ८०५ | ८०५ | ८६२६ |

**ष) यस “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु” मा उल्लेख भएको विवरणहरु तथ्यपूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहिछाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत ।**

| क्र.सं. | सञ्चालकहरुको नाम | पद तथा समुह | दस्तखत |
|---|---|---|---|
| १. | श्री शिव प्रसाद साह | अध्यक्ष (संस्थापक शेयरधनी समूह) | |
| २. | श्री संजय कुमार साह | संचालक (संस्थापक शेयरधनी समूह) | |
| ३. | श्री हरि प्रसाद काफ्ले | संचालक (संस्थापक शेयरधनी समूह) | |
| ४. | श्री राम बाबु साह सुडि | संचालक (संस्थापक शेयरधनी समूह) | |
| ५. | श्री मन्दीरा आचार्य | संचालक (सर्वसाधारण शेयरधनी समूह) | |
| ६ | श्री कृष्ण कुमार दास कथवनिया | सञ्चालक (सर्वसाधारण शेयरधनी समूह) | |

**स) निष्काशन तथा बिकी प्रबन्धकको उद्घोषण**

हामीलाई **मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो “हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु” स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा “धितोपत्र सम्बन्धी ऐन, २०६३” र “धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको “हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु” सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

नेपाल धितोपत्र वोर्ड मिति :
जावलाखेल ललितपुर ।

विषय : पूजि वृद्धि सम्बन्धमा ।

महाशय,

उपरोक्त विषयमा यस वित्तीय संस्थाको मिति २०७४ पौष २९गते सम्पन्न नवौ वार्षिक साधारण सभाले पारित गरे वमोजिम विशेष प्रस्ताव नं ७ मा प्रस्ताव गरि वित्तीय संस्थाको कार्यक्षेत्र विस्तार गर्ने प्रस्ताव गरि सोहि बमोजिम कार्यक्षेत्र विस्तार गदा नेपाल राष्ट्र बैकले तोकेको न्यूनतम चूक्ता पूजी पुर्याउनु पर्ने भएकोले उक्त वार्षिक साधारण सभाले २ :१ को अनुपातमा हकप्रद शेयर जारी गर्दा चुक्ता पूजी वृद्धि तथा कार्यक्षेत्र विस्तार गर्ने मुख्य उदेश्य रहेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौ ।

भवदिय ,

प्रमुख कार्यकारी अधिकृत